
# लेखापरीक्षण प्रतिवेदन

# मुड्केचुला गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मुड्केचुला गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/674

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
मुड्केचुला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डोल्पा ।

## कैफियतसहितको राय

हामीले मुड्केचुला गाउँपालिका, डोल्पाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. 2 करोड 26 लाख 59 हजार, एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु. ३ लाख, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. १५ लाख ३६ हजार समेत गरी रु.२ करोड ४९ लाख १० हजार समावेश गरेको छैन।

२.पालिकाको रु.६५ करोड ९८ लाख ८९ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ६३ लाख ८६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ७ लाख ७९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १९ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८ लाख ५५ हजार र पेस्की बाँकी रु. २८ लाख ७ हजार रहेको छ। गत वर्षसम्म रु. २१ करोड ५२ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु.१८ लाख २४ हजार फस्यौंट हुँदा रु. ५ लाख ३० हजार थप भएकाले रु. २१ करोड ४० लाख १ हजारमा यस वर्षको रु.२ करोड ६३ लाख ८६ हजार थप भई हालसम्मको अद्यावधिक बेरुजू रु. २४ करोड ३ लाख ८७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मुड्केचुला गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी मुड्केचुला गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु आर्थिक वर्षको

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | १८ | २,६३,८६,४७८ | ० | ० | ० | ० | ६१ | १८ | २,६३,८६,४७८ | ७,७९,०२८ | १,०८,५५,६४३ | १,१९,४४,७०४ | ० | ० | २,२८,००,३४८ | २८,०७,१०४ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोल्पा | २१,५२,९५,३७६ | ० | १८,२४,१९६ | २१,३४,७१,१८० | ५,३०,१८२ | २,६३,८६,४७८ | २४,०३,८७,८४० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | विभिन्न | जिन्सी दाखिला प्रमाणः | ४,९९,१९६ |
| २ | २०७९/८० | विभिन्न | रिटेनिङ वाल ठेक्का | ८,२५,००० |
| ३ | २०७९/८० | विभिन्न | पाठ्यपुस्तक अनुदान | ० |
| ४ | २०७९/८० | विभिन्न | गर्भवती तथा सुत्केरी पोषण | ५,००,००० |
| जम्मा | | | | १८,२४,१९६ |

# (८०६६१५०५३०० - मुड्केचुला गाउँपालिका, डोल्पा )

# परिचय

१

**(क) कार्यालय परिचय :-**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा९ वडारहेको छ भने क्षेत्रफल २५०.०८ वर्ग किलोमिटर तथा ६८५२ जनसंख्या रहेको छ ।

**लेखापरीक्षण-** यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, भौगोलिक विकटता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिककारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षणयोजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमाउल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१६ देखि २०८१।५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदन समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु.६५ करोड ९८ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।उक्त रकमको

बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :** लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.**६४,४७,९९३।-** असुली भई सञ्चित कोष दाखिला भएको छ ।

| वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|
| भत्ता बढी भुक्तानी | ३९०० | २०८१/५/१८ | बेरुजु खाता (अनलाइन) |
| भत्ता बढी भुक्तानी | १२६५० | २०८१/५/१८ | बेरुजु खाता (अनलाइन) |
| भत्ता बढी भुक्तानी | २२०० | २०८१/५/१८ | बेरुजु खाता (अनलाइन) |
| भत्ता बढी भुक्तानी | १४२५० | २०८१/५/१८ | बेरुजु खाता (अनलाइन) |
| पारिश्रमिक कर | ३५६५ | २०८१/५/१८ | बेरुजु खाता (अनलाइन) |
| भत्तामा पारिश्रमिक कर | २२५० | २०८१/५/१७ | बेरुजु खाता (अनलाइन) |
| भत्तामा पारिश्रमिक कर | २२५० | २०८१/५/१७ | बेरुजु खाता (अनलाइन) |
| भत्तामा पारिश्रमिक कर | २२५० | २०८१/५/१७ | बेरुजु खाता (अनलाइन) |
| बढी भुक्तानी | ११९९५ | २०८१/५/१७ | बेरुजु खाता (अनलाइन) |
| पाठ्यपुस्तक अनुदान बढी भुक्तानी | ४३४७१ | २०८१।५।२८ | बेरुजु खाता (अनलाइन) |
| कार्यक्रम खर्च बढी भुक्तानी | ३५०५० | २०८१।५।२८ | बेरुजु खाता (अनलाइन) |
| नमूना विद्यालयमा भौतिक निर्माण अन्नपुर्ण मा.वि. बचत फिर्ता | ६३१४१६२ | २०८१।५।२७ | नेपाल बैंक लिमिटेड |
| कोभिड १९ को शैक्षिक क्षति परिपुरण खाजा खर्च बढी भुक्तानी | ३५०५० | २०८१।५।२८ | बेरुजु खाता (अनलाइन) |
| मालिका मा.वि. मा शौचालय निर्माण बढी भुक्तानी | २१०१७ | २०८१।५।२९ | बेरुजु खाता (अनलाइन) |
| जम्मा | ६४४७९९३ | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय सञ्चित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरुको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) आ.व.२०८०।८१ मलेपफानं. २७० | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ४७०६०२८७.३६ | ० | ४७०६०२८७.३६ | ५३०१६३१४.३५ | ० | ५३०१६३१४.३५ |
| १३००० | अनुदान | | २६२३७७२१७. | ० | २६२३७७२१७. | २९४७५६०५८. | १८०९९४०५. | ३१२८५५४६३. |
| १४००० | अन्य राजस्व | | ४९४४४९.४४ | ० | ४९४४४९.४४ | ० | ० | ० |
| १५००० | विविध प्राप्ति | | ४९५०००. | ० | ४९५०००. | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३१०४२६९५३.८ | | ३१०४२६९५३.८ | ३४७७७२३७२.३५ | १८०९९४०५. | ३६५८७१७७७.३ |
| ३ | चालु | | २१२४४७३३०. | ० | २१२४४७३३०. | २२०६१३५४७.४ | ४४५३५०५. | २२५०६७०५२.४ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२४४७७४७१. | ० | १२४४७७४७१. | ११०७४८२१७.४ | २२०००००. | ११२९४८२१७.४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७९५६३३२६. | ० | ७९५६३३२६. | ८४३१५११३. | २२५३५०५. | ८६५६८६१८. |
| २५००० | सहायता (Subsidy) | | २७७७६००. | ० | २७७७६००. | १७५५३६१६. | ० | १७५५३६१६. |
| २७००० | सामाजिक सुरक्षा | | ४२६८४९९. | ० | ४२६८४९९. | ६८६२५०१. | ० | ६८६२५०१. |
| २८००० | अन्य खर्च | | १३६०४३४. | ० | १३६०४३४. | ११३४१००. | ० | ११३४१००. |
| ४ | पूंजीगत | | ८६०८८३०९.३ | ० | ८६०८८३०९.३ | १३३१०९१२६. | १३६४५९००. | १४६७५५०२६. |
| ३१११० | भवन तथा संरचना | | ३०६३५५५. | ० | ३०६३५५५. | २७९९६०६३. | ० | २७९९६०६३. |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स | | ५६७१६०४. | ० | ५६७१६०४. | ७०९९४३०. | ० | ७०९९४३०. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा फिक्चर्स | | | | | | | |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | ४७३५८६५. | ० | ४७३५८६५. |
| ३११५० | सार्वजनिक निर्माण | | ७७३५३१५०.३ | ० | ७७३५३१५०.३ | ९२९७७७६८. | १३६४५९००. | १०६६२३६६८. |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ० | ० | ० | ३००००० | ० | ३००००० |
| ख) | कुल जम्मा भुक्तानी | | २९८५३५६३९.३ | | २९८५३५६३९.३ | ३५३७२२६७३.४ | १८०९९४०५. | ३७१८२२०७८.४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ११८९१३१४.५ | | ११८९१३१४.५ | -५९५०३०१.०५ | | -५९५०३०१.०५ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ११०६७८५.६ | | ११०६७८५.६ | -२५८३४८९.५ | | -२५८३४८९.५ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | -७०,६४३.०० | | -७०,६४३.०० | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १२९९८१००.१ | | १२९९८१००.१ | -८५३३७९०.५५ | | -८५३३७९०.५५ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १७४६९५१९.९४ | | १७४६९५१९.९४ | २४२५३५५३.४९ | | २४२५३५५३.४९ |
| छ) | विनिमय नाफा/घाटा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३०४६७६२०.०४ | | ३०४६७६२०.०४ | १५७१९७६२.९४ | | १५७१९७६२.९४ |

३ **वितिय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले संघिय सरकारको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२ करोड २६ लाख ५९ हजार, गरिबसँग विशेश्वरको रु.४ लाख १५ हजार, कर्णाली प्रदेश सरकारको एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु.३ लाख तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको राहत उद्धार तथा पुनस्थापना वापत रु.१५ लाख ३६ हजार समेत रु.२ करोड ४९ लाख १० हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको मलेपफानं २७० मा गतवर्ष रु.१ करोड ५७ लाख १९ हजार मौज्दात रहेकोमा यो वर्ष रु.१ करोड ७४ लाख ६९ हजार जिम्मेवारी सारेको छ । जस अनुसार गत वर्ष भएको भन्दा रु.१७ लाख ५० हजार बढी जिम्मेवारी सारेको सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

३.३ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको श्रेष्ता अनुसार आर्थिक वर्षको अन्त्यमा रु.३,०४,६७,६२०।०४ मौज्दात देखाएकोमा वित्तिय विवरणको अनुसूची ६.२ अनुसार निम्नानुसार रु.४८,५७,९९९।९६घटी हुने गरी रु.२,५६,०९,६२०।० बैङ्क मौज्दात देखाएकोले स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार फरक परेको छ :

**रु.हजारमा**

| खाता | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|
| स्थानीय तह सञ्चित कोष खाता (ग ४.१) | २०६४३ |
| विविध खर्च खाता (ग २.७) | १९०० |
| विविध कोष खाता, विपद् व्यवस्थापन कोष | २८ |
| धरौटी(ग ३.१) | २८२४ |
| | २५६०९ |
| **जम्मा** | |

उल्लिखित विवरण अनुसार स्रेस्तामा भन्दा बैकमा रु. ४८,५७,९९९।९६ घटी मौज्दात देखिएकोले स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ४८,५७,९९९.९६ |
|---|---|

३.४ **कर दायित्वः** पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.७०,६४३।० देखाएको छ । राजस्व दाखिलाको एकिकृत विवरण अनुसार कर कट्टी भएर पनी विद्युतिय ट्रान्सफर असफल भई दाखिला हुन नसकेको निम्नानुसारको भौचरबट कट्टा भएको कर दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७०,६४३ |
|---|---|

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्तिममा एकैपटक गराएको छ । आन्तरिक लेखापरीक्षणले औल्याएका देहायका व्यहोराहरु लेखापरीक्षण अवधि २०८१।५।३० सम्म पनि असुल/फर्स्यौट नभएकोले फर्स्यौट गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं./ मिति | व्यहोरा | रकम | |
|---|---|---|---|
| ३१-२०८१।०३।२१(गापा पुजी) | **सामाग्री खरिदः** पालिकाले पटक पटक सीमाभन्दा बढीको खरिद एकै फर्म निशान कम्प्युटरसँग सिधै खरिद गरेको रकम अनियमित भएको। | **१३१५०८०।०** | |
| ९३-२०८१/०३/१३(संघ चालु) | फोटोकपी मूअकर बीलको कर समायोजन प्रमाण पेश गर्नुपर्ने | **१२७०।०** | |
| ४४-२०८०/११/१२ (संघ चालु) | फलफुल प्रवर्द्धन कार्यक्रमको लागत साझेदारीको ५० प्रतिशत रकम असुल गर्नुपर्ने | **३१६१७५** | |

| प्रमाण पेश नगरेको | १६,३२,५२५ |
|---|---|

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।जिल्ला दररेट लाई नै आधार लिई कार्य गर्ने गराउने निर्णय गरेको पाईयो ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गरेको छैन ।

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

· निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

· कतिपय गोस्वारा भौचर, तलबि भरपाई लगायतको कागजातमा कार्यालय प्रमुख तथा लेखा प्रमुखले सहि छाप नगरेको पाइयो।

· भ्रमण अभिलेख खाता म.ले.प. फा.नं. ९०८ प्रयोगमा नल्यायको।

· कतिपय जिन्सि खरीद आदेश र दाखिला प्रतिवेदानमा स्टोर प्रमुखले सहिछाप र प्रमाणित नगरेको पाईयो।

· निजामति सेवा ऐन,२०४९ को दफा ७(ख) २ अनुसार तलवि प्रतिवेदन पारीत गरेको छैन।

· मर्मत तथा लिलाम गर्नुपर्ने जिन्सि सामानहरु मर्मत सम्भार र लिलाम गर्ने गरेको पाईएन।

· सवारी साधन मर्मत तथा सर्भिसिङ गर्दा सोको लागि आवश्यक पर्ने लागत अनुमान तयार र स्वीकृत नगराई मर्मत गरेको तथा मर्मत खर्च देखिने गरी सवारी साधन मर्मत खाता अद्यावधिक नगरेको ।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सि खाता राखेको छैन।

· सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ६ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३ लाख ६६ हजार अर्थात अनुमानको ७३.२ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

## ७ आन्तरिक आय

७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा खेहायानुसार छन्:

७.२ पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २६२३७७ | ३६६ | ०.१४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.१४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले ती आय शीर्षकमा आय अनुमान र असुली गरेको देखिएन । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

७.४ **आय ठेक्का**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का नलगाएको तथा अन्य कर दस्तुर समेतको उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन ।

७.५ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । पालिकाले नियन्त्रण नगर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

७.६ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ९ वडाहरुबाट असुली तथा दाखिला भएको विवरण पेश नभएकोले पालिकाबाट यकिन गरी दाखिला गर्नुपर्दछ

७.७ **व्यवसाय कर** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४१ हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ८ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा

कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०८०।३।१० मा रु.३६ करोड ४५ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट सोही दिन पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८० भाद्रमा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१२ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष कार्यक्रम खर्चमा रु.४० लाख र अनुसन्धान तथा सेवा परामर्शमा ४० लाख गरी रु.८० लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न कार्यक्रममा रु.७८ लाख ५५ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१३ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने जिम्मेवार पदाधिकारीला ाइ जिम्मेवार बनाउनु पर्दछ ।

१४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१५ **घरेलु सौर्य उर्जा**

१५.१ घरेलु सौर्य उर्जा खरिदः २९/२०८१।३।२४ सार्वजनिक खरिद ऐन २०६३ बमोजिम २० लाख भन्दा बढी मूल्यको समान खरीद गर्दा वोलपत्र मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारको घरेलु सौर्य उर्जा खरीद ढुवानी तथा वितरण कार्यक्रमका लागी प्रदेश सर्शत अनुदान रकम वाट रु.६० लाख बजेट स्विकृत भएकोमा कार्यपालीकाको बैठक नं. ३३ मिती २०८१।२।२८ गतेको निर्णय नं. ७ अनुसार उक्त योजनाको सोलार उपभोक्ता समिती मार्फत खरीद प्रकृया तत्काल अगाडी बढाउने निर्णय भएको पाइयो । निर्णय अनुसार १०० वाटको गाँउपालीकाको ४ नं वडा को प्रत्येक घरधुरीलााइ वितरण गर्ने र १ किलोबाटको सोलार नेपाल टेलीकमको पातीहाल्ना टावर( वडा नं. ५) ओक्टे टावर( वडा नं. ८) र बाँकी मौज्दात सोलार आवश्यकता अनुसार उपयोग गर्ने निर्णय भए अनुसार २०८१।३।८ को कार्यपालीकाको बैठकले श्री राम कुमारी सार्किको अध्यक्षतामा गठित उपभोक्ता समितिलााइ अनुमोदन गरी कार्यदेश दिएअनुसार कोटेशन लिाइ देहायबमोजिम प्राप्त खरिद विल बमोजीम रु.५९,३६,५११।० भुक्तानी भएकोमा देखिएको थप व्यहोराहरु निम्नानुसार छन्

| क्र.सं. | खरिद विवरण | परीमाण | रकम |
|---|---|---|---|
| १ | १०० वाटको | १२० सेट | ३४,८५,४६०।० |
| २ | १ कि. वाटको | ६ सेट | १९,५१,०५१।० |
| ३ | ढुवानी चार्ज | | ५०,००,००।० |
| | **जम्मा** | | **५९,३६,५११।०** |

१५.२ सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रथम चौमासिक भित्रै खरिद योजना स्विकृत गरी प्रतिष्पर्धात्मक तरीकाबाट खरीद गर्नुपर्नेमा समय अभावको कारण देखाई आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समितीबाट प्रतिष्पर्धा नगराई खरिद गरेकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५९,३६,५११ |

१५.३ सौर्य इनर्जी प्रा.ली. को बिल बमोजिम १०० वटाको १२० थान सोलार सेट जडान वापत रु.१,१५,२६०।० उक्त कम्पनी लााइ भुक्तानी दिएकोमा जडान नभै लाभग्राहीहरु लााइ वितरण गरेको भरपााइ संलग्न गरेकोले सोलारहरु जडान गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१५.४ १ किलो वाटका सोलारसेट रु.१९,५१,०५१।० निम्नानुसार का पदाधिकारीहरुले बुझिलीएको भरपाई पेश भएकोमा जडानगरी गुणस्तरको प्रत्याभुती समेत पेश गर्नुपर्दछ ।

| वडा नं. | नाम | बुझेको | मूल्य |
|---|---|---|---|
| १ | वाग ब. बुढा (वडा नं. १ अध्यक्ष) | २ थान | ६५०३५१।० |
| २ | मिन राज सार्की (वडा नं. २ लेखासहायक) | १ थान | ३२५१७५।० |
| ५ | सूर्य ब. थापा (वरीष्ठ गा.पा. हवल्दार) | १ थान | ३२५१७५।० |
| ७ | दत्त ब. बुढा (वडा ७ अध्यक्ष) | १ थान | ३२५१७५।० |
| ८ | भैराजरोकाय( का.वा. अध्यक्ष) | १ थान | ३२५१७५।० |
| | **जम्मा** | | **१९५१०५१।०** |

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु.हजारमा)

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६२७१ | २२९१० | ६३.१६ |
| २ | पूर्वाधार विकास | ११०२१५ | ६६५१२ | ६०.३५ |
| ३ | सामाजिक विकास | १२३४३५ | ११५३७६ | ९३.४७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २०२२१ | १८७८८ | ९२.९१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८३३९४ | ७४९४७ | ८९.८७ |
| **जम्मा** | | ३७३५३६ | २९८५३३ | ७९.९२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९३.४७ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटी ६०.३५ प्रतिशत रहेको छ

१७ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट रु.२४,२४,०००।० भुक्तानी दिएको पाईयो ।

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | स्वास्थ्य पारिश्रमिक (करार कर्मचारी) | तलब | २४२४०००।० |
| | **जम्मा** | | २४२४०००।० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१८ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ९ वडाको लागि पालिकास्तरका कुल ४७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४७ | २५ | ५ | १७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४५ योजनामात्र कार्यान्वियन भई २ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १९ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८ करोड ६० लाख ८५ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## २० खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ३ लाख ६६ हजार,राजस्व बाँडफाँड र अनुदानबाट रु ३१ करोड ६० हजार समेत रु.३१ करोड ४ लाख२६ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२१ करोड २४ लाख ४७ हजार र पूँजिगत तर्फ रु.८ करोड ६० लाख ८७ हजार समेत रु.२९ करोड ८५ लाख ३५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१२प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४४ लाख ६० हजार खर्च भएको छ जुन आन्तरिक आयको १२१८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.५१ प्रतिशत चालु र ३१.४९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## २१ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले ४ वटा फर्मसँग रु.१८ लाख ७५ हजारको औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

## २२ पेश्की बाँकीको विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की रु.१,१२,९९,०००।० रहेकोमा आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४,९९,०००।०फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको | कैफियत |
|---|---|---|---|---|
| कर्मचारी | | | | |
| २०८०/०६/२२ | ३ | इन्द्र बहादुर लायोमगर | ५०००० | विगत वर्षदेखिको पेश्की अल्या गरेको तथा विगत प्रतिवेदनमा औल्याइसकेको |
| २०८०/०६/२२ | ३ | ठमिन शाही | २००००० | |
| २०८०/०६/२२ | ३ | डिल बहादुर बराल | २५०००० | |
| २०८०/०६/२२ | ३ | डिल बहादुर बराल | ३०००० | |
| २०८०/०६/२२ | ३ | डिल बहादुर बराल | २२०००० | |
| २०८०/०६/२२ | ३ | धर्मराज शाही | २५०००० | |
| | | सिंहराज डाँगी | २००००० | |
| २०८०/०४/०१ | १ | सरस्वती शाही | ४०००० | |
| २०८०/०४/०१ | १ | सरस्वती शाही | २०००० | |
| २०८०/०६/२२ | ३ | माधव रोकाया | १००००० | |
| व्यक्तिगत | | | | |
| २०८०/०६/२२ | ३ | सरोज थापा | १००००० | "" |
| संस्थागत | | | | |
| २०८०/०४/०१ | १ | अन्नपूर्णा माध्यमिक विद्यालय | ९३००००० | "" |
| ०९/२०/२०८० | १२ | अन्नपूर्णा माध्यमिक विद्यालय | ४९९००० | चालु आव |
| | | | | |
| उपभोक्ता समिति | | | | |
| ०६/२२/२०८० | ३ | पानी घट्ट निर्माण उपभोक्त्ता समिति | ४०००० | विगतको पेश्की |
| कुल जम्मा | | | ११२००००० | |

| | |
|---|---|
| पेश्की | ४,९९,००० |

## २३ पूँजीगत खर्च स्थिती

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ **बमोजिम** बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु.हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | ८६०८७ | २०५३ | १०६७६ | ७३३५८ | ६४७६२ |
| प्रतिशत | १०० | २.३८ | १२.४० | ८५.२१ | ७५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.८ करोड ६० लाख ८७ हजार पालिकाको पुँजिगत खर्च भएकोमा प्रथम चौमासिकमा रु.२० लाख ५३ हजार (२.३८ प्रतिशत), दोस्रो चौमासिकमा रु.१ करोड ६ लाख ७६ हजार (१२.४० प्रतिशत) र तेस्रो चौमासिकमा रु.७ करोड ३३ लाख ५८ हजार (८५.२१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ४७ लाख ६२ हजार (७५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२४ **विद्यालय भवन**

२४.१ २०/२०८१।३।१७ **नमूना विद्यालय भवन निर्माणः** केन्द्रबाट छनौट भएका न्यून विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अर्न्तगत रु.१० लाख पेश्कि सहित रु. १ करोड अन्नुपूर्ण माध्यमिक विद्यालयको नाउँमा भूक्तानी दिएको पार्इयो । ठेक्का नं. ०१/०८०।८१ अर्न्तगत प्राप्त विवरण अनुसार श्री अन्नपूर्ण मा.वि. मुड्केचुला को ३ कोठे पक्कि भवन निर्माणको लागी लागत अनुमान रु.९९,९९,२७६।६०(भ्याट सहित) स्विकृत गरी विद्यालयबाट ठेक्का आव्हान भएकोमा श्री हिउँचुलि उपेन्द्र निर्माण सेवा मुड्केचुला ७ संग २०८१।३।१७ भित्र कार्यसम्पादन गर्ने गरी रु.३६,८५,८३६।२१ (मू.अ. कर सहित) मा मिती २०८०।१२।७ मा सम्झौता भएकोमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:

२४.२ निर्माण कार्यको सम्झौता पत्र अनुसार विद्यालय र निर्माण व्यवसायी विच २०८०।१२।७ मा भएको सम्झौता अनुसार उल्लेखित निर्माण कार्य २०८१।३।१७ भित्र सम्पन्न हुनुपर्ने मा हालसम्म सम्पन्न नभएको र म्याद थप पनि नभएकोले कार्यप्रगतीको आधारमा म्यादथप गरी पेश्की रु.१० लाख फर्छौट समेत गरी सम्झौता बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु
(नमूना विद्यालयमा भौतिक निर्माणको लागी रु.१ करोड निकासा गरेकोमा प्रतिस्पर्धाबाट ठेक्का आव्हान हुदाँ रु.३६,८५,८३७।२१ मा सम्झौता भै निकासा मध्ये रु.६३,१४,१६२।७९ बचत भएको रकम लेखापरीक्षणको क्रममा मिति २०८१।५।२७ मा फिर्ता भई संघिय सञ्चित कोषमा जम्मा भएको छ । )

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,८५,८३७ |

२५ **सोलार जडान**

२५.१ (३२/२०८१-३-२३):
आ.व. २०७८।७९ मा गाँउपालीकाको ठे.नं. १।०७८।७९ अनुसार वडा नं. १,२,३,७,८ र ९ मा १०० वाटको ८७५ थान सोलार खरीद ढुवानी र जडान गर्नका लागी २०७८।११।४ मा ठेक्का आव्हान भै २०७९।१।१४ मा श्री सौर्य इनर्जी प्रा.ली. सँग रु.२,५४,६३,३४९।३६ को ठेक्का सम्झौता भएकोमध्ये अनुदान रकम रु.८७,५०,०००।० कट्टा गरी निम्नानुसार रु.१,६७,००,०००।० भुक्तानि भै सोहि वर्ष सम्पन्न भएकोम प्राप्त विवरण अनुसार भुक्तानी भएको मा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

| आ.व. | भुक्तानी रकम | श्रोत |
|---|---|---|
| २०७८।०७९ | ८००००००।० | संघीय समानीकरण |
| २०७९।८० | १००००००।० | संघीय शसर्त |
| २०८०।०८१ | १००००००।० | संघीय शसर्त |
| ०८०।०८१ | ६७०००००।० | संघीय समानिकरण |
| **जम्मा** | **१६७०००००।०** | |

२५.२ मुड्केचुला गाँउपालिकाको भिलेजप्रोफा◌ाइल अनुसार लाभान्वीत वडाहरुको घरधुरी संख्या निम्नानुसार ८४३ उल्लेख भएकोमा सोलार जडान घरधुरी संस्था ८७५ उल्लेख भएको देखियो ।

| वडा नं. | घरधुरीको संख्या | सोलार बुझेको संख्या |
|---|---|---|
| १ | ११२ | १०९ |
| २ | १०६ | १११ |
| ३ | १०६ | ९६ |
| ७ | २११ | २०६ |
| ८ | १८४ | १९० |
| ९ | १२४ | १२० |
| जम्मा | ८४३ | ८३२ |

२५.३ लेखापरक्षणको क्रममा जडान हुन बाँकी ४३ थान सोलार सेट रुकुम पश्चिम जिल्लाको त्रिवेणी स्थित स्टोरमा रहेको भनी जानाकारी दिएको यद्यपी हालसम्म जडान नभएकोले सम्झौता वमोजिम (प्रति सोलार लागत रु.२९,१००।९७) रहेकोले जडान भएको पुष्टाई पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,५१,३४१.७१ |

२५.४ मिती २०७९।१।१४ को सम्झौता पत्र अनुसार ८३२ वटा सोलार बुझाइ जडान भएकोमा सम्झौताको सर्त अनुसार दुवै पक्षले प्रचलित नेपाल सरकारको स्टाण्डर्ड नर्म्स तथा स्पेसिफिकेसन अनुसार जडान तथा ढुवानी कार्य गर्ने भनी उल्लेख भएकोमा सोको गुणस्तर परीक्षण प्रतिवेदन समेत समावेश नभएकोले गुणस्तर परीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

२६ **प्रमाण कागजात**

२१७-२०८१।३।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलिको नियम ३९(५) बमोजिम खर्च लेख्दा बिल भरपाई सहीत लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ३९(१०) मा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले शाही किराना फेन्सी अर्डर एण्ड सप्लायर्सका ३१ वटा बील समावेश गरी रु.५,१७,०००।० गणेश शाहीलाई भुक्तानी गरेको छ । संलग्न बील तथा कागजात अध्ययन गर्दा बील नं. तथा मितिको सिलसिलेवार नमिलेको, पार्टी भुक्तानी नगरेको, तथा खर्चको प्रयोजन समेत नखुलेकोले खर्चको वास्तविकता सम्वन्धमा यकिन गर्न नसकिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१७,००० |

२७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.९ लाख ६० हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३ लाख ६६ हजारको २६२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२८ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । करार सेवाको कर्मचारी पारिश्रमिक समेत पालिकाले कर्मचारी पारीश्रमिकबाट भुक्तानी गरेको छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक स्वीकृत दरवन्दी बाहेक देहायानुसार कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.३६,२२,८९२।० भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| पद | संख्या | रकम |
|---|---|---|
| अ.न.मी. | २ | ६९१८६० |
| ना.प्रा.से.प्रा | १ | ३४५९३० |
| बैध | २ | ६९१८६० |
| लेखा सहायक | ३ | १०३७७९० |
| ल्याव टेनिसियन | २ | ८५५४५२ |
| | जम्मा | ३६२२८९२ |

| | |
|---|---|
| अनियमित भएको | ३६,२२,८९२ |

२९ **तलबी प्रतिवेदन वेगर खर्च**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १३ कर्मचारीको रु.१ करोड ३० लाख ५८ हजार, र पालिकाका ३१ कर्मचारीको रु.२ करोड १३ लाख १५ हजार समेत रु.३ करोड ४३ लाख ७३ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३० **गाउँ प्रहरी**

स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले लाभ लागत बिश्लेषणका आधारमा खर्च गर्नु पर्दछ । पालिकाले १ जना बरिष्ट हवल्दार २ जना प्रहरी जवान गरी जम्मा ३ जना प्रहरी कर्मचारी नियुक्ती गरी पोशाक तथा पारिश्रमिकमा रु.९,८३,६००।० वित्तिय समानिकरणबाट खर्च गरेको छ। पालिकाको आन्तरिक आम्दानी, कामको प्रकृति, सुरक्षा चुनौति लगायतको बिश्लेषण नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षण, सेवा सञ्चालन ऐन नियम वेगर कर्मचारी संख्या बढाई थप व्ययभार पर्ने गरी सुरक्षा कर्मचारी नियुक्त गर्नु उचित देखिएन ।

३१ **एफ.एम सञ्चालन**

पालिकाले विभिन्न सञ्चार तथा सुचना प्रवाह तथा प्रसारणको लागि एफ.एम सञ्चालनमा ल्याएको छ । गाउँपालिकाको एफ.एम सञ्चालन गर्न २ जना कर्मचारी कार्यरतलाई मा रु. ६,८१,४६०। खर्च गरेको देखिन्छ । पालिकाले विज्ञापन प्रशारण वापत सेवा शुल्क लिई राजस्व वृद्धि गर्नुपर्नेमा विज्ञापन दररेट समेत निर्धारण नभएको अवस्था छ । उक्त एफ. एम. बाट आय शुन्य रहेको देखिन्छ । पालिकाले सूचनामुलक कार्यक्रम प्रसारण र प्रकाशनको लागि आफ्नै रेडियोको अधिकतम उपयोग गर्नुपर्नेमा अन्य मिडियामा विज्ञापन दिने गरेको

देखिन्छ । अतः पालिकाले एफ.एम व्यवसायिक तरिकाले सञ्चालन गरी एफ.एमलाई आत्मनिर्भर वनाउनुका साथै एफ. एमको आय व्ययको लेखा राखी गाउँपालिकाको अतिरिक्त व्ययभार घटाउनुपर्दछ ।

## ३२ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरमा गत वर्ष ४८ थान मौज्दात रहेकोमा यस वर्ष ३५ थान को रु.३४,९६२।० मा खरिद गरेकोमा यस वर्ष ७१ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाबाट यस वर्ष वितरण नभई १३ थान न्यानो झोला मौज्दातमा रहेको विवरण पेश गरेको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## ३३ बिल बेगरको भुक्तानी

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फर्स्यौटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयारगरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेव्यवस्था छ । पालिकाले ९ वटा मोटरसाइकलको नामसारी वापत प्रति मोटरसाईकल २५००।० को दरले पानस मोटर्सलाई भुक्तानी दिएको रु.२२,५००।० को बील तथा अन्य कागजात पेश नगरी भुक्तानी गरेको पाइएकोले सम्वन्धीतबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,५०० |

## ३४ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६०० जना रहेका छन। पालिकाले संघिय शसर्तबाट ९४९४ थान स्यानिटरी प्याड रु.६,६४,५८०।०(मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

## ३५ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ३६ मुख्य मन्त्रि रोजगार

३६.१ सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम उपभोक्ता समीती सग सम्झौता गर्दा अन्य व्यहोराको अतिरिक्त उ.स. को लागत सहभागीता समावेश गर्ने व्यवस्था छ । त्यसैगरी मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधी २०७८, (च) मा आयोजना छनौट को आधारमध्ये प्रतिशतको लागत साझेदारीला ्इ पनि मापदण्डमा उल्लेख गरेको छ तर संचालित कार्यक्रममा लागत सहभागिता नभएको संचालीत कार्यक्रमको स्पष्ट लोकेशन नखुलेको तथा आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्थाको सि.नं. ८ (ख) अनुसार आयोजनाको कम्तीमा दु ्इ पटक अनुगमन गर्ने उल्लेख भएकोमा एकपटकको अनुगमन रीपोर्ट समावेश गरेतापनी २ पटक अनुगमन गरेको नदेखिंदा संचालीत कार्यक्रमको प्रभावकारीता एकीन गर्न नसकिएकोले नियानुसार लागत सहभागीता सुनिश्चित गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

३६.२ मुख्यमन्त्री कार्यक्रम कार्यविधी २०७८ को सि.न. ३ मा सडक सिंचाई स्वास्थ्य भवन लगायत ११ वटा क्षेत्रलाई कार्यक्रमको कार्यक्षेत्र तोकेकोमा कार्यक्षेत्र भित्र नपर्ने कालिका मन्दिर घेराबार मुड्केचुला ८ मा निमार्ण गरी उपभोक्ता समितीलाई कन्टिजेन्सी बाहेक रु.१९,३०,८०७।० भुक्तानी दिएको छ । कार्यविधि बमोजिम गरिवी निवारणमा सहयोग पुर्‍याउने कार्यक्रममा खर्च गर्नुपर्दछ ।

## ३७ परामर्श खर्च

३७.१ **बचत रकमबाट खर्चः** मुड्केचुला गाँउपालीको आ.व. २०८०।८१ को संकेत नं. ७०९.२०.१.१५२ को आन्तरीक श्रोत तर्फ गतवर्षको राजश्व र जिम्मेवारी सारी ल्याएको रकम बाट निम्नानुसार बजेट विनीयोजन गरी गाउपालीका चालु तर्फबाट खर्च गरेकोमा कार्यपालीकाको २०८१ आषाढ ८ गतेको बैठक बाट विभिन्न समयमा अनुसन्धान तथा सेवा परामर्श तालीम एंव कार्यक्रममा खर्च भएको विविध कार्यहरुको निम्नानुसारको शिर्षकमा रहेको आन्तरीक श्रोतबाट व्यहोर्ने गरी खर्च अनुमोदन गरेको देखिएमा थप व्यहोराहरु निम्नानुसार छन् ।

रु. हजारमा

| क्र.सं. | शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | सिप विकास तालिम तथा अन्य सार्वजनिक निर्माण | ५०० | ४९७ |
| २ | संस्थागत क्षमता सुधार | १५०० | १४९३ |
| ३ | कार्यक्रम खर्च | ४००० | ३९१४ |
| ४ | विविध (अतिथी संस्कार तथा कार्यालय संचालन) | १९३९ | १३३८ |
| ५ | अनुसन्धान तथा सेवा परामर्श | ४००० | ३९४१ |
| | जम्मा | ११९३९ | १११८३ |

३७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्विकृत वार्षीक कार्यक्रम अनुसार देहाय वमोजीमको कार्य अनुसन्धान तथा परामर्श शिर्षकबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । अध्ययन कार्य गराउदाँ लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।

| परामर्शदाता | कार्यविवरण | खर्च रु.हजारमा |
|---|---|---|
| ए.टु.जेड रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर | पालिकाको योजना तथा कार्यक्रम निर्माण कार्यान्वयन तथा व्यवस्थापनका चुनौती तथा अवसर सम्बन्धी अध्ययन प्रतिवेदन | ४९७ |
| भार्इब्रेसन मिडिया प्रा.ली. | पालीकाको सार्वजनिक सुनुवाई कार्यविधी तथा सामाजिक परीक्षण कार्यविधी | ४९७ |
| मधुवन मिडिया इन्टरनेशनल प्रा.ली. | आर्थिक प्रशासन तगायत विभिन्न ४ कार्यविधी निर्माण | ४९७ |
| ए.टु.जेड रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर | गाँउपालीकाको लैङ्गिक समानता तथा सामाजिक समावेसिकरण नीती २०८० | ४६२ |
| स्मल हेभन डेभलपमेन्ट सेन्टर प्रा.ली. | दिगो विकासको लक्ष्यको प्रयोगको चुनौती तथा अवसर सम्बन्धी अध्ययन मुलक प्रतिवेदन | ४९७ |
| सिवकथ्रन विकास समूह | जनसहभागीताको प्रवद्धनमा चुनौती तगा सुधार सम्बन्धि अध्ययन प्रतिवेदन | ४९७ |
| इनोभेसन इन्टरनेशनल प्रा.ली. | दिगो विकासका लक्ष्यहरु स्थानिकरण सम्बन्धी कार्ययोजना २०८० | ४९७ |
| सृमल हेभन डेभलपमेन्ट सेन्टर प्रा.ली. | कर्मचारीको क्षमता अभिवृद्धिको लागी जिम्मेबारी सहितको कार्ययोजना | ४९७ |
| | जम्मा | ३९४१ |

कार्यालयमा प्राविधिक जनशक्ति भएको अवस्थामा थप व्ययभार पर्ने गरी परामर्शमा खर्च गरेको उचित नदेखिदाँ नियन्त्रण गरी प्राप्त प्रतिवेदनहरु कार्यान्वयन गर्नुपर्दछ ।

३७.३ **शिर्षक फरक पारी खर्चः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावलीऽ२०७४ को नियम ३९(१) बमोजिम सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमा भित्र रहि खर्च गर्नुपर्नेमा उल्लेखित विनियोजन अनुसार विविध (अतिथी संस्कार तथा कार्यालय संचालन) वाट निम्नानुसार परामर्श सेवा खरिद गरी भुक्तानी दिएकोले सोही नियमावलीको नियम ४३ बमोजीम नियमीत हुनुपर्ने रु

| भौ.मिती | खर्च शिर्षक | खर्च भएको | खर्च रकम |
|---|---|---|---|
| ९६/२०८०।११।१ | अतिथी संस्कार तथा कार्यालय संचालन | अनुसन्धान तथा सेवा परामर्श | ४,९८,०००।० |
| ११२/२०८०।११।२३ | अतिथी संस्कार तथा कार्यालय संचालन | अनुसन्धान तथा सेवा परामर्श | ४,९६,२४०।० |
| ५८/(संघ चालु) २०८१।१।९ | आधारभुत तहका स्विकृत दरबन्दिका शिक्षक,राहत अनुदान शिक्षकका लागी तलब भत्ता अनुदान | स्वास्थ्यका १२ जना कर्मचारीहरुलाई पोशाक भत्ता भुक्तानि | १,८०,०००।० |
| १०३।२०८१।३।१७ | आधारभुत तहका स्विकृत दरबन्दिका शिक्षक,राहत अनुदान शिक्षकका लागी तलब भत्ता अनुदान | SG bag house लाई रकम भुक्तानि गरी bag खरीद गरीएको | १,२२,०००।० |
| | | **जम्मा** | **१२९६२४०।०** |

| | |
|---|---|
| अनियमित भएको | १२,९६,२४० |

३८ **दररेट**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । तथा लागत अनुमान तयार गर्दा स्वीकृत दररेटको आधारमा तयार गर्नुपर्दछ । पालिकाले वडा नं. ७, ८ र ९ को सडक मर्मत योजनाहरुमा Earthwork Excavation on Ordinary Soil एक्साभेटरको दर प्रयोग गर्नुपर्नेमा एक्जाभेटर विथ ब्रेकरको दर प्रयोग गरेको पाइयो । मर्मत कार्यमा केही स्थानमा ब्रेकर प्रयोग गरेको भएतापनि परिमाण यकिन नगरी सम्पुर्ण कार्यमा ब्रेकरको दर प्रयोग गर्दा बढी भएको भुक्तानी कार्यालयबाटै यकिन गरी असुल गर्नुपर्दछ ।

३९ **अनुसन्धान केन्द्र**

१८/०८१।०३।०४ मुड्केचुला गाँउपालिकाको पशुपंक्षी क्षेत्रको विकासको माध्यमबाट आर्थिक विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहनगर्न संघ संस्थामा परीचालन गरी व्यवसायिक पशुपालन गरी आर्थिक रुपले सम्पन्न गाँउपालिका निर्माण गर्ने उद्धेश्यकासाथ स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम पालिकाले चौरी फर्म सञ्चालन कार्यविधी २०८० समेत जारी गरेको छ ।

आ.व. २०८०।८१ मा संघीय सरकारको विशेष अनुदान वाट चौरी फर्म अनुसन्धान केन्द्र (वडा नं. ८ र ९ स्थित) स्थापनार्थ विनियोजीत रकमबाट श्रृष्टि निर्माण सेवा सँग कवोल अंक रु.२५२७९६९।० ( भ्याट सहित) सम्झौता भर्इ आयोजनाको ५२० मी लम्बार्इमा ढुङ्गाको गाह्रो र सोही लम्बार्इमा फेन्सिङ वायर र एङ्गल पोष्टको कार्य गरी रु.२५२७९६९।० भुक्तानी दिएको छ । तर लागत अनुमान रकम रु.४८३७४५७३।१२ को १६.४४ प्रतिशतको फेनिसिङ्गको कार्यमा मात्र रकम विनियोजीत भै काम शुरु भएकोमा चालुवर्ष (आ.व. ०८१।८२) मा रकम विनियोजन नहुदाँ उक्त कार्य अधुरो रहेकोले प्रयाप्त रकम विनियोजन गरी चौरी फर्म अनुसन्धान केन्द्रको निर्दिष्ट उद्वेश्य बमोजीम कार्यन्वन गर्नुपर्दछ ।

त्यसैगरी गाँउपालिकाको २०८०।८१ को वार्षिक स्किकृत कार्यक्रम अनुसार संघीय समपुरक कार्यक्रम अर्न्तगत पातिहाल्ना जडिबुटि अनुसन्धान केन्द्र निर्माण को लागी गोरख निर्माण सेवा सँग मु.अ. कर सहित रु.६४,३४,४९४।०३ मा सम्झौता भएकोमा गाँउपालिका तर्फबाट रु.२८९३१४३।०० र संघिय समपुरक अनुदान (भौ. ३४/३।२४) वाट रु २८९३१४३।० समेत जम्मा रु.५७८६२८६।०० भुक्तानी भएको छ तर पालीकाको वडा नं. ५ स्थित पातिहाल्ना जडिबुटि अनुसन्धान केन्द्र मेशिनरी तथा पेन्टिङ्ग कार्य भएको मा आ.व. ०८१।८२ मा बजेट विनियोजन भएको नदेखिँदा उक्त कार्य समेत अधुरो रहेको छ ।निर्दिष्ट उद्वेश्य प्राप्तीको लागी बजेट विनियोजन गरी कार्यन्वयन गर्नु पर्दछ।

४० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यो वर्ष थप ९ वटा विवाद दर्ता भएकोमा यस वर्ष सबै विवाद फर्स्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

४१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । उपलब्ध विवरण अनुसार बचत संकलनको अवस्थाको बारेमा समेत विवरण प्राप्त गर्न बाँकी भनी उल्लेख गरेको छ । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४२ **पेश्की**

पालिकाको आ.व. २०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार जगदुल्ला हाइड्रो पावर कम्पनि लि. ले निम्नानुसारको बेलिव्रिजहरुको उपभोक्ता समितीवाट जग निर्माण गर्नको लागी विविध खातामा उपलब्ध गराएको रकमबाट उपभोक्ता समिती गठन गरी मुड्केचुला गाँउपालीका वडा नं. ७ र ८ का वडा कार्यलयको सिफारीस पत्र र सम्झौता बमोजिम वेलिव्रिज जग निर्माण उपभोक्ता समिती लार्इ देहाय वमोजीम पेश्की उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| क्र.सं. | भौ.न./मिती | उपभोक्ता समितिको नाम | पेश्कि रकम |
|---|---|---|---|
| १ | ८/२०८१।१।२३ | जिमीचौर जगदुल्ला खोला बेलीव्रिज नि.उ. समिती | १२,६३,६१२।० |
| २ | ९/२०८१।१।२३ | नुनेगाड बेलीव्रज जग नि.उ.स. | १०,४४,५९१।७७ |
| | | **जम्मा** | **२३,०८,२०३।७७** |

| | |
|---|---|
| पेश्की | २३,०८,१०३.७७ |

## ४३ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको उल्लेख गरेकोमा जिन्सी निरिक्षण प्रतिवेदन पेश गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ४४ प्रशासकिय भवन

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले सदरमुकामा स्थित ४ कोठाको २ लाख १ हजार र पालिकाको केन्द्र स्थित मुड्केचुलाको रु.८ लाख ६० हजार भुक्तानी गर्दै आएको छ । पालिकाको प्रशासकिय भवनको निर्माण सम्झौता हुने तयारी रहेकोले भवन निर्माण गरी मितव्ययी कार्यसञ्चालन गर्नुपर्दछ ।

## ४५ जिन्सी दाखिला नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले इन्टरनेट समस्या दर्शाई समय समयमा म्यानुअल रुपमा समेत जिन्सी दाखिला गरेको पाइएकोले त्यस्ता सम्पत्तिलाई PAMS मा आम्दानी जनाई जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

## ४६ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ७वटा नियमावली, ३९कार्यविधि तथा नीति निर्देशिका र मापदण्ड १३ वटा लगायत ७१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

## ४७ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य सबै कार्यक्रममा भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

४८ **सामाजिक सुरक्षा भत्ता**

४८.१ **लागत अद्यावधिकः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

४८.२ **निकासा खर्च :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु.२,२६,५९,७५९/- तथा बैंक प्रणाली तथा इ.एफ.टी मार्फत लाभग्राहीको बैक खातामा वितरण गरिएको छ ।

४९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष अथिति सत्कार तथा विविध खर्चका लागि रु.२३,११,३४७/- रकम खर्च गरेको छ । जसका केही उदाहरण देहायानुसार छन् । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २२८- २०८१।३।२१ | खाना खाजा | होटल मुरमुर | १४५९९६ |
| | खाना खाजा | बिनोद कुमार शाही | १४५९०४ |
| २४५-२०८१।३।२४ | खाना खाजा लज खर्च | होटल मोनार्क प्रा.लि. | ६६२५० |

५० **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई २०८१ बैशाख देखी आषाढ सम्म प्राविधिक कर्मचारीलाई फिल्ड गएवापत दैनिक रु.१ हजार तथा कार्यालय हाजिर दिनको रु.१५० समेत रु.५ लाख ५० हजार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

५१ **सङ्क्रिय सञ्चित कोष फिर्ता**

**४८-२०८०।१२।२२** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघिय शसर्त अनुदानबाट गरिबि निवारणको लागी लघुउद्यम विकास कार्यक्रम अन्तर्गत लागत साझेदारीमा १० वटा सिलाई मेसिन खरिद गरी वितरण गरेकोमा सो कार्यक्रममा भएको लागत सहभागिता रु.३०,५५०।० स्थानीय सञ्चित कोषमा दाखिला गरेकोले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,५५० |

५२ **शिक्षक अनुदान**

५२.१ शिक्षा मत्रालयको सशर्त कार्यक्रमको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.४.१ मा कक्षा ९-१० अनुदान वितरण गर्नको लागी माध्यमिक तहमा शिक्षक अनुदान प्राप्त गर्नको लागी जिरो दरवन्दी भएको विद्यालयमा २ वटा सम्म तथा १ जना मात्र दरवन्दी रहेकोमा १ वटा अनुदान शिक्षक दिने व्यवस्था रहेको छ । यस सम्वन्धी व्यहोरा देहायानुसार छन्:

५२.२ **मालिका मा.वि. नर्कु**मा मा. वि. राहत दरवन्दी ३ र स्थायी दरवन्दी १ स्वीकृत रहेको अवस्थामा देहायानुसार शिक्षक अनुदान दिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु

| गो.भौ.नं. /मिति | रकम | कैफियत |
|---|---|---|
| ५-२०८०।६।२४ | १७४७५६ | १ जना (त्रैमासिक +चाडपर्व) |
| २५-२०८०।९।२० | १३१०६७ | १ जना (दोस्रो त्रैमासिक) |
| ५१-२०८०।१२।३० | १३१०६७ | १ जना (तेस्रो त्रैमासिक) |
| जम्मा | ४३६८९० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३६,८९० |

५२.३ **अन्नपुर्ण मा.वि. सर्मिः** यस विद्यालयमा मा वि स्थायी दरवन्दी ३ स्वीकृत रहेको अवस्थामा देहायानुसार शिक्षक अनुदान दिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु

| गो.भौ.नं. /मिति | रकम | कैफियत |
|---|---|---|
| ५-२०८०।६।२४ | ८७३७८ | १ जना (१ महिना +चाडपर्व) |
| २५-२०८०।९।२० | १३१०६७ | १ जना (दोस्रो त्रैमासिक) |
| जम्मा | २१८४४५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१८,४४५ |

५३ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयहरुमा ८२ शिक्षक दरवन्दी रहेकोमा ६१ जना स्थाई तथा २१ जना करारमा रहेकोमा विद्यार्थी संख्या २६४२ रहेको छ । नियमानुसार रिक्त दरवन्दीमा पदपुर्ती गर्नुपर्दछ ।

५४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वटा वडा मध्ये ७ वटामा ५ योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औसत ९९ दिनले ८५१४ दिन रोजगारी उपलव्ध गराई रु.६०,८३,४६०।० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५५ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मुड्केचुला गाउँपालिका, डोल्पा , मुड्केचुला गाउँपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रेशम महतारा | २०८०-५-१७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७७९,०२८ | १०,८५५,६४३ | ११,९४४,७०३.६७ | ० | ० | २,८०७,१०३.७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २६,३८६,४७८.४४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २६,३८६,४७८.४४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १७४६९५१९.९४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२७१७८७५८ | चालु खर्च | २१२४४७३०३ |
| प्रदेश सरकारबाट अनुदान | ३५११९८४५९ | पूँजीगत खर्च | ८६०८८३०९.३ |
| राजश्व बाँडफाँट | ४७०६०२८७.३६ | वित्तीय/अन्य व्यवस्था | २४९१००२७ |
| आन्तरिक आय | ४९४४४९.४४ | | |
| अन्य आय | २६५११७८५.६ | | |
| कुल आय | ३३६४४३७३९.४ | कुल खर्च | ३२३४४५६३९.३ |
| बाँकी मौज्दात | | ३०४६७६२०.०४ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक संरचना निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनामा तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा दर्शाइएका सुझावहरु कार्यान्वयन हुनु पर्दछ ।

- पालिकामा निर्माणाधीन अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।